# नेपाल महिला चेम्बरद्वारा अग्रणी महिला सम्मान समर्पण कार्यक्रम सम्पन्न

काठमाडौं(जस)-नेपाल महिला चेम्बरले नेपाल चेम्बर अफ कमर्सको ७५ औं वार्षिक उत्सव हीरक जयन्तीको अवसरमा देशका विभिन्न क्षेत्रहरूमा ऐतिहासिक योगदान पुऱ्याएका अग्रणी नेपाली महिलाहरूलाई विशेष समारोहबीच सम्मान गरेको छ । अग्रणी महिला सम्मान शीर्षकमा आयोजित कार्यक्रममा राजनीति, न्याय, शिक्षा, समाजसेवा, कला, प्रशासन, पर्यटन, खेलकुद लगायत विविध क्षेत्रमा योगदान दिएका जीवित तथा दिवंगत व्यक्तित्वहरूको योगदानको स्मरण गर्दै सम्मानपत्र प्रदान गरियो । उहाँहरुलाई पूर्व राष्ट्रपति रामवरण यादव, नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष राजेशकाजी श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवाल, नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठले संयुक्त रुपमा सम्मान गरे ।




कार्यक्रममा नेपालकी प्रथम महिला सभामुख ओनसरी घर्ती मगर, पहिलो महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य स्काउटिङ क्षेत्रमा रामवदन जोशी, लैंगिक अधिकार विज्ञ चाँदनी जोशी, पहिलो महिला इन्जिनियर शान्ति मल्ल, शिक्षाविद् अगाथा थापा, एसएलसी बोर्ड प्रथम लुना भट्ट, पहिलो महिला कमर्शियल पाइलट रक्षा राणा, उद्यमी श्याम बदन श्रेष्ठ, पद्मासना शाक्य, शान्ति चड्ढा, पर्यटन व्यवसायी श्रृजना राणा लगायतलाई पनि सम्मान गरिएको थियो । लायन्स र रोटरी क्षेत्रमा मिलन थापा र जया राज्य लक्ष्मी शाह, पूर्व मुख्यसचिव लिला देवी गड्तौला, अर्थशास्त्री डा. पुष्पा श्रेष्ठ, कला तथा मनोरञ्जनतर्फ उर्मिला उपाध्याय गर्ग, अभिनेत्री भुवन चन्द, प्रशासक उषा नेपाल, प्रहरी अधिकृत बिमला थापा शर्मा, सचिव बिन्द्रा हाडा, निजी क्षेत्रकी भवानी राणा, नेपाल राष्ट्र बैंककी नीलम ढुंगाना तिम्सिना, रानु देवी अधिकारी, सानुनानी कंसाकार लगायतलाई सम्मान समर्पण गरिएको थियो ।

त्यसैगरी रत्नेश्वरी श्रेष्ठ , ओलम्पियन संगिना वैद्य, दृष्टिविहीन शिक्षिका सीता ग्यावाली, चेपाङ समुदायकी मनजू प्रजा, सामाजिक अभियन्ता अञ्जली देवी मास्के, प्रथम मिस नेपाल रुबी राणा शाह, चालक मच्छरी देवी चित्रकार, टेम्पो चालक लक्ष्मी शर्मा, कलाकार स्नेहा श्रेष्ठ (इम्याजिन), बडीबिल्डर निर्मला महर्जन, कलाकार मनीषा कोइराला, पौराणिक व्यक्तित्व सीता (जानकी) र वैदिक दार्शनिक गर्गीलाई पनि विशेष रूपमा उक्त सम्मान समर्पण गरिएको थियो । कार्यक्रममा प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी एवं नेपालकी प्रथम प्रधानमन्त्री एवं प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीको योगदानको स्मरण सहित उक्त सम्मान समर्पण गरियो ।

त्यस्तै प्रथम महिला शासक नायब स्वाराजेन्द्र लक्ष्मी शाह, स्व. कान्तिराज्य लक्ष्मी देवी, योगमाया न्यौपाने, साहित्यकार स्व. पारिजात (बिष्णु कुमारी बाईवा), स्व. शैलजा आचार्य, स्व. साधना प्रधान अधिकारी, स्व. सहाना प्रधान, मिडियाकर्मी स्व. कृष्णा ताम्राकार, गायिका स्व. सनुमाया गुरुङ, अधिवक्ता स्व. सुशीला सिंह, राजनीतिज्ञ स्व. इन्दिरा श्रेष्ठ, समाजसेवी स्व. अमृता कठायत, राजनीतिज्ञ स्व. द्वारिका देवी ठकुरानी, स्व. चन्द्रकला किरण महत, लोकसेवा आयोग सदस्य स्व. उमा पाण्डे, राजदूत स्व. बिन्देश्वरी शाह, संसद उपाध्यक्ष स्व. कमल राणा, शिक्षाविद् स्व.अंगुरबाबा जोशी र पर्यटन उद्यमी स्व. अम्बिका श्रेष्ठ, शिक्षाविद् स्व. चन्द्रकान्ता देवी मल्ल, सगरमाथा आरोही स्व. पासाङ ल्हामु शेर्पा, व्यावसायिक प्रशिक्षक स्व. सुनिता मलेकु, सेयर बजारकी स्व. सुचित्रा खनाल, चालक स्व. रामदेवी श्रेष्ठको योगदानको समरण गर्दै उहाँहरुमा उक्त सम्मान समर्पण गरियो ।

कार्यक्रममा नेपाल महिला चेम्बर सम्बद्ध रही हालै सम्पन्न निर्वाचनबाट संघीय सांसद बन्न सफल हुनु हुने लिमा अधिकारी, बसुमाया तामाङ, नीतिमा कार्की भण्डारी र इन्दिरा राना मगरलाई समेत सम्मान गरियो । साथै उनीहरुलाई बधाई समेत ज्ञापन गरिएको थियो । कार्यक्रममा केही व्यक्तित्वहरूको उपस्थितिमा सम्मान गरिएको थियो भने दिवंगत व्यक्तित्वहरूका परिवारजनमार्फत सम्मान अर्पण गरिएको थियो । कार्यक्रममा नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठलाई समेत सम्मान गरिएको थियो । सो अवसरमा पूर्व राष्ट्रपति रामवरण यादवले विभिन्न क्षेत्रका नेपालका अग्रणी तथा पथ प्रदर्शक महिलाहरुलाई सम्मान गर्न पाउँदा आफूलाई गौरव अनुभूती भएको बताउनु हुँदै उहाँहरुबाट सिंगो देश र नयाँ पुस्तालाई हौसला प्रदान हदै आएको बताए ।

नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष राजेशकाजी श्रेष्ठले २००७ सालमा स्थापना भएको नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीको अवसरमा नेपाल महिला चेम्बरले अग्रणी महिला सम्मान कार्यक्रम मार्फत नेपाली समाजलाई सम्मानित महिलाहरुको जस्तै ओज हासिल गरेको बताए । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले नेपाल चेम्बर अफ कमर्सको ईतिहास जति गर्विलो छ यसको साँख र गरिमालाई यस्ता कार्यक्रमले अझ उचो पारेको बताउँदै यस्ता कार्यक्रमले नेपाली महिलाहरूको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्ने विश्वास व्यक्त गरे ।

नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठले देशका अग्रणी महिलाहरुको योगदानको कदर रुवरुप नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीका अवसरमा कार्यक्रम आयोजना गरिएको जनाउँदै महिला चेम्बरले महिला सशक्तिकरण, उद्यमशीलता विकास जस्ता विषयलाई जोड दिदै आएको जानकारी गराइन । कार्यक्रममा सम्मानितकातर्फबाट बोल्दै चाँदनी जोशीले ऐतिहासिक पृष्ठभूमि बोकेका महिलाहरुको योगदानको स्मरण गर्दै सम्मान समर्पण कार्यक्रम आयोजना गरिएकोमा नेपाल महिला चेम्बरलाई आभार व्यक्त गरिने । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले सम्मानित तथा कार्यक्रममा उपस्थित सबैमा धन्यवाद ज्ञापन गरे ।

# खोला किनारमा फुलेका फूलले बढायो काठमाडौँको सौन्दर्य

काठमाडौँ(जस)-वसन्त ऋतुको आगमनसँगै काठमाडौँ उपत्यकाका विभिन्न खोला किनार अहिले फूलैफूलले ढकमक्क ढाकिएका छन् । विशेषगरी काठमाडौँ महानगरपालिकाकोरातोपुलस्थितधोबिखोला किनारमा फुलेका रङ्गीचङ्गी फूलले त्यहाँको वातावरणलाई मनमोहक बनाउँदै स्थानीय तथा आगन्तुकको ध्यान खिचिरहेका छन् ।

केही वर्ष अघिसम्म दुर्गन्ध र फोहोरले परिचित धोबिखोला अहिले सफाइ र हरियालीका कारण नयाँ रूपमै देखिन थालेको छ । वसन्त ऋतुको आगमनसँगै यहाँ रोपिएका विभिन्न प्रजातिका फूल फुलेपछि खोला किनार रमणीय बगैँचाजस्तै देखिन थालेको छ । रातो, सेतो, पहेँलो, रानी र अन्य विविध रङ्गका फूलले यश क्षेत्रलाई थप आकर्षक बनाएका छन् । स्थानीयवासी जगदीश कुइकेलका अनुसार, "धोबिखोलामा फुलेका फूलले सबैलाई आकर्षित गरिरहेका छन् । पहिले दुर्गन्ध आउने ठाउँ अहिले सुगन्धित र रमाइलो बनेको छ । यहाँ हिँड्दा नै मन शान्त हुन्छ ।" अहिले दैनिक रूपमा यहाँ घुम्न आउने, फोटो खिच्ने र समय बिताउनेको सङ्ख्या बढ्दै गएको उनको भनाइ छ ।

अर्का स्थानीय कबिर श्रेष्ठले पनि विगतमा दुर्गन्धले यहाँको खोला छेउछाउमा हिड्नै गाह्रो हुने गरेको भएपनि अहिले खोलाको सरसफाइ गरिन थालिएको र फूलको सुगन्धले वातावरण नै मनमोहक बनाएको बताए । उनले भने, "पहिले यहाँको अवस्था निकै दयनीय थियो । फोहोरको दुर्गन्धले खोलाको छेउमा हिँड्नै गाह्रो हुन्थ्यो । अहिले भने सफा गरिन थालिएको, हरियाली र फूलहरूको वास्नाले वातावरण पूर्ण रूपमा परिवर्तन भएको छ ।"

काठमाडौँ महानगरपालिकाले खोला सफाइ अभियानलाई तीव्रता दिँदै फोहोर फाल्नेलाई कारबाही गर्ने सूचना जारी गरेपछि स्थानीयस्तरमा पनि सचेतना बढेको र यसले खोला संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको स्थानीय बताउँछन् । अहिले धोबिखोला मात्र होइन, काठमाडौँ उपत्यकाका अन्य खोला किनार बागमती, विस्नुमती लगायत पनि क्रमशः सफा र हरियालीयुक्त बन्दै गइरहेका छन् । साँझपख विशेषगरी यहाँ मानिसको चहलपहल उल्लेख्य रूपमा बढ्ने गरेको छ । धोबिखोला किनारमा किराना पसल सञ्चालन गर्दै आएका व्यवसायी जनक लामाका अनुसार साँझको समयमा यहाँ मानिसहरू बस्न, घुम्न र फोटो खिच्न आउँछन् ।

यसले यहाँको व्यापारमा सकारात्मक प्रभाव पारेको छ । वातावरण संरक्षण, शहरी सौन्दर्य अभिवृद्धि तथा जनचेतनाको संयुक्त प्रयासले काठमाडौँका खोला किनार अहिले उदाहरणीय बन्दै गइरहेका छन् । यदि यस्तै प्रयासलाई निरन्तरता दिइयो भने आगामी दिनमा उपत्यकाका सबै खोला किनार पर्यटकीय आकर्षणको केन्द्र बन्न सक्ने सम्भावना देखिने स्थानीयको बुझाइ छ । यसरी, एक समय फोहोर र दुर्गन्धको पर्याय बनेका खोला किनार बिहीबार सुगन्धित फूलले सजिएका सुन्दरस्थलका रूपमा रूपान्तरण भइरहेका छन्, जसले काठमाडौँको समग्र सौन्दर्यमा नयाँ आयाम थपेको छ ।

# काठमाडौं महानगरले वैशाख १ गतेदेखि रात्रिकालीन बस सेवा सञ्चालन गर्ने

काठमाडौं(जस)-काठमाडौं महानगरपालिकाले साझा यातायातसँगको सहकार्यमा २०८३ वैशाख १ गतेदेखि रात्रिकालीन सार्वजनिक यातायात सञ्चालन गर्ने भएको छ । ललितपुरको लगनखेल, पाटन अस्पताल, अल्का, नर्भिक, प्रसूति गृह, ट्रमा सेन्टर, वीर अस्पताल, कान्ति अस्पताल, टिचिङ अस्पताल, गंगालाल हृदय केन्द्र हुँदै बुढानीलकण्ठसम्म एउटा रुट हुनेछ ।

उत्तर दक्षिणको यो १६ किलोमिटरको एकतर्फी रुट हो । थानकोटदेखि सतुंगल, कलंकी, कालीमाटी, त्रिपुरेश्वर, थापाथली, माइतीघर मण्डला, बानेश्वर, मीन भवन, तीनकुने हुँदै अन्तर्राष्ट्रिय विमानस्थलसम्म पूर्व पश्चिम दिशाको एकतर्फी दुरी २० किलोमिटरको हो । यी दुई रुटमा ४ वटा रात्रिकालीन विद्युतीय बस सञ्चालन हुनेछन् ।

'बेलुका ८ बजेपछि सार्वजनिक यातायात सञ्चालन नहुँदा महङ्गो यात्रा गर्नु पर्ने विद्यमान अवस्थामा सुधार गर्न जरुरी भएकोले रात्रिकालीन सार्वजनिक यातायात सेवा सुरु गर्न लागेका हौँ । महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले भनिन्, 'सार्वजनिक यातायात र यसको विकल्प नहुँदा सबैलाई समस्या परेको छ । त्यसमा पनि किशोरी र महिलाहरूले दुर्व्यवहार भोग्नु परेको छ । विद्यार्थीहरूलाई आर्थिक रूपमा धेरै मर्का छ । यो अवस्थामा सुधार गर्न सेवा दिन लागेका हौँ ।'

# गृहमन्त्री गुरुङद्वारा पशुपति मन्दिरको दर्शन तथा पूजाअर्चना

काठमाडौं(जस)-गृहमन्त्री सुधन गुरुङले पशुपतिनाथ मन्दिरको दर्शन तथा पूजाअर्चना गरेका छन् । बिहीबार बिहान पशुपतिनाथ मन्दिर पुगेर विधिपूर्वक पूजाअर्चना गर्नुका साथै मन्दिर क्षेत्रको समग्र अवलोकन गरेका हुन् ।

उन गृहमन्त्री नियुक्त भएपछि पहिलोपटक पशुपतिनाथ दर्शनका लागि पुगेका हुन् । हनुमान जयन्तीको अवसर पारेर उन पशुपतिनाथ मन्दिर पुग्नुभएको मन्त्री गुरुङको सचिवालयले जनाएको छ । मन्दिर दर्शनपछि गृहमन्त्री गुरुङले देशमा शान्ति, स्थिरता र समृद्धिको कामना गरेका थिए । उनले मन्दिर क्षेत्रको सरसफाइ, व्यवस्थापन तथा तीर्थयात्रीको सुविधाका विषयमा सम्बन्धित निकायसँग जानकारी लिँदै आवश्यक सुधारका लागि निर्देशनसमेत दिएका छन् ।

यस क्रममा पशुपति क्षेत्र विकास कोषका पदाधिकारीले मन्दिर क्षेत्रको वर्तमान अवस्था, व्यवस्थापनका चुनौती तथा भइरहेका विकास निर्माणका कामबारे जानकारी गराएका थिए । गृहमन्त्री गुरुङले धार्मिकस्थलको संरक्षण र प्रवर्द्धनमार्फत पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# हेलो सरकारबाट प्राप्त गुनासो सम्बोधनका लागि फोकल पर्सन तोक्न पत्राचार

काठमाडौं(जस)-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हेलो सरकारबाट प्राप्त गुनासो सम्बोधनका लागि फोकल पर्सन तोकी पठाउन पत्रचार गरेको छ । मन्त्रालयले एक सुचना जारी गर्दै हेलो सरकारबाट प्राप्त गुनासो सम्बोधनका लागि कार्यालय र अस्पताल र निकायलाई फोकल पर्सन तोकेर पठाउन परिपत्र गरेको हो ।

मन्त्रालयले सरकारको एकसय कार्यसूचीहरूमध्ये २५ नम्बरमा रहेको हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक सरकारको प्लेटफर्मको रुपमा विकास गर्ने तथा एकीकृत ड्यासबोर्डमार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गरी गुनासो समाधानको प्रगति रियल टाइममा अनुगमन गर्ने नीतिअनुसार फोकल पर्सन तोक्ने निर्देशन दिएको हो ।


## युएईमा रोजगारीको अवसर

पुन:विज्ञापन

**कम्पनी:** HABAT AL MARJAAN TECHNICAL & CLEANING SERVICES L.L.C **शहर** : Dubai

**पूर्व स्वीकृति मिति:** २०८२-०८-२८ **च.नं:** 60248767 L.T. No : 335086

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | स.काममा दक्ष | 1000 | ४१,२४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २७ गते (8 April 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु.२५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**

Permission No. 1676/080/081

Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531

Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866

INTREPID LEARN ADAPT EVOLVE



## Kalika Municipality
## Office of Municipal Executive

Redcrossgram, Chitwan

### INVITATION FOR BIDS

**First date of publication: - 2082-12-20 (3rd April, 2026)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 27/Works/NCB/KM/082/083 | Kalika Nagarpalika Budathoki Ghol Park Nirman | 38, 95,831.69 | 120 days from the date of Bid opening. (Must be Valid Up to 2083-5-15 B.S (31st August, 2026)) | 1,00,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on **2083-01-20 B.S (3rd May, 2026)**

Bids Opening Date: At 13:00 PM on **2083-01-20 B.S (3rd May, 2026)**

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**